# पालुङटार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०७६/०७७
चलानी नम्बर :- २३४०

मिति : २०७७/०३/०५

श्री सामुदायीक वन उपभोक्ता समूह सवै,
पालुङटार नगरपालिका,
गोरखा ।

विषयः वनजङ्गल संरक्षण तथा सम्बर्द्धन सम्वन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका भित्रका वनजङगलहरुको अतिक्रमण तथा दुरुपयोग गरेको भन्ने जनगुनासो दिनप्रतिदिन वढेकाले यस्ता निन्दनीय कार्यलाइ तत्काल रोकेर वातावरणीय सन्तुलन कायम गरी सम्पुर्ण प्राणीको जीवनको रुपमा रहेका वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान पुर्याउन सम्पुर्ण वन उपभोक्ता समूहहरुलाई अनुरोध गरिन्छ ।सामुदायीक वनको उपभोक्ता समूह गठन नभएको भए तत्काल गठन गर्न र गठन भएको समितिलाइ कानुन वमोजिम दर्ता गरी वन ऐन, २०७६ को दफा ३१ को उपदफा ४ वमोजिम वार्षिक प्रतिवेदन यस कार्यालयमा वुझाई सामुदायीक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका, २०७३ को दफा ५०, ५१ र ५२ अनुसार समयमै लेखा परीक्षण गराउनुहुन अनुरोध गरिन्छ ।साथै कहीं कतै गैरकानुनी क्रियाकलापमा संलग्न भएको पाइएमा उक्त ऐनको दफा ५० वमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री इलाका वन कार्यालय, ठाँटीपोखरी, गोरखा ।